बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७२

मिति: २०८२/५/१३ (शुक्रबार)

बैठक संख्या: ६५ औं

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

समय : विहानः ११.४५ बजे।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ६५ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सुमन अधिकारी | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | — |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | — |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |

**सहजकर्ता कर्मचारी**

| | | | |
|---|---|---|---|
| १ | कार्यक्रम अधिकृत | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | दिपेश अधिकारी | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०५/१३ को बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८२/०५/१३ गतेको बैठकका प्रस्तावहरु**

१. स्वागत तथा धन्यवाद ज्ञापन सम्बन्धमा ।
२. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा।
३. चालु आ.व.का आयोजना/कार्यक्रमहरुको कार्यान्वयन सम्बन्धमा ।
४. दररेट निर्धारण सम्बन्धमा ।
५. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा सम्बन्धमा ।
६. बेरुजु फछ्यौंट सम्बन्धमा ।
७. व्यवसाय दर्ता/नविकरण अभियान सम्बन्धमा ।
८. लघु उद्यम विकास कार्यक्रमको वडा छनौट सम्बन्धमा ।
९. प्रदेश कार्यालयहरुबाट प्राप्त आयोजना कार्यान्वयन सम्बन्धी पत्र सम्बन्धमा ।
१०. ग्रामीण सडक मर्मतसुधार सम्बन्धमा ।
११. विविध
- निर्देशिका संशोधन सम्बन्धमा ।
- राष्ट्रिय परिचय पत्रको अनिवार्यता/छुट सम्बन्धमा
- बेतलवी विदा सम्बन्धमा ।
- प्रगति समिक्षा पुस्तक प्रकाशन सम्बन्धमा।
- ढुंगा संकलन तथा बिक्रीको इजाजत सम्बन्धमा ।
- बजार अनुगमन सम्बन्धमा ।
- बजेट व्यवस्थापन सम्बन्धमा ।
- श्रद्धाञ्जली/समवेदना सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१ : स्वागत तथा धन्यवाद ज्ञापन सम्बन्धमा ।**
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयानुसार नेपाल सरकारका उपसचिव श्री सुमन अधिकारीज्यू खानेपानी मन्त्रालयबाट सरुवा भई मिति २०८२/०५/०९ गतेदेखि नगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हाल्नु भएको हुँदा वहाँलाई हार्दिक स्वागत तथा कार्यसफलताको शुभकामना व्यक्त गर्दै कार्यपालिकाको तर्फबाट सक्दो सहयोग पुर्याउने साथै यस नगरपालिकाको कार्यालयमा २०८०/०८/०४ देखि २०८२/०५/०८ गतेसम्म प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीमा रही हाल सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सरुवा भई जानु भएका उपसचिव चेतनाथ अर्यालज्यूले यस कार्यालयमा रहँदा गर्नुभएको कार्यको उच्च मूल्याङ्कन गर्दै धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

सुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०५/१३ को बैठक

**निर्णय नं.२: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।**

मिति २०८२/०४/०४ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो ।

**निर्णय नं.३: चालु आ.व.का आयोजना/कार्यक्रमहरुको कार्यान्वयन सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८२/८३ को लागि स्वीकृत भएका आयोजना तथा कार्यक्रमहरु देहाय अनुसारको विधिबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

देहाय:

३.१ पूँजीगत प्रकृतिका आयोजना/कार्यक्रम

(क) संघीय/प्रदेश सशर्त, समपुरक र विशेष अनुदानतर्फकका सबै पूर्वाधारजन्य परियोजनाहरु र नगरपालिकातर्फका आयोजनाहरुको हकमा साधरणतया १५ लाख वा सो भन्दा बढी बजेट विनियोजन भएका आयोजनाहरु सार्वजनिक खरिद सम्बन्धमा भएका कानूनी व्यवस्था वमोजिम बोलपत्र/दरभाउपत्र आह्वान गरी प्रतिस्पर्धाबाट सेवा प्रदायक छनौट गरी कार्यान्वयन गर्ने गराउने ।

(ख) उपरोक्तानुसार बाहेकका आयोजनाहरुको हकमा लाभग्राही उपभोक्ता समितिमार्फत तथा सार्वजनिक खरिद सम्बन्धमा भएका अन्य व्यवस्था वमोजिम कार्यान्वयन गर्ने गराउने ।

(ग) एकै प्रकृति र एउटै भूगोलमा रहेका साना आयोजनाहरु सम्भव भएसम्म एकिकरण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

३.२ चालु प्रकृतिका कार्यक्रम/क्रियाकलाप

(क) सशर्त तर्फका चालु प्रकृतिका कार्यक्रम/क्रियाकलापहरुको हकमा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन, कार्यविधि, निर्देशिकामा भएका व्यवस्थाको पालना गरी शाखा प्रमुखहरुले निर्णय गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

(ख) नगरपालिकास्तरीय कार्यक्रम/क्रियाकलापहरुको हकमा सम्बन्धित शाखाबाट र वडास्तरीय कार्यक्रम/क्रियाकलापहरुको हकमा सम्बन्धित वडा कार्यालयबाट प्रस्तावना तयार गरी प्रक्रिया वमोजिम स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं.४: दररेट निर्धारण सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको क्षेत्रभित्र आ.व.२०८२/८३ मा सार्वजनिक निर्माण, बस्तु तथा सेवाको दररेट निर्धारणको लागि मिति २०८२/०५/१२ मा बसेका दररेट समितिको बैठकबाट सिफारिस भए वमोजिम दररेटहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.५: स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको नतिजा सम्बन्धमा।**

सङ्घीय मामिलता तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ (संशोधन समेत) को आधारमा यस बेसीशहर नगरपालिकाको आ.व. २०८१/८२ मा गरिएको आर्थिक वर्ष २०८०/८१ को कार्य सम्पादन मापनको अन्तिम नतिजा मिति २०८२/५/६ मा मन्त्रालयबाट सार्वजनिक भएको र यस नतिजा अनुसार बेसीशहर नगरपालिकाले ७४.७५ अंक हासिल गरेकोमा चालु आ.व. देखि मन्त्रालयले स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) कार्यान्वयनमा ल्याएको हुँदा उक्त मूल्याङ्कन प्रणालीमा रहेका सूचक/उपसूचकहरु पुरा गर्ने गरी कार्य गर्न/गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०५/१३ को बैठक**

**निर्णय नं.६: बेरुजु फछ्यौंट सम्बन्धमा ।**

महालेखा परीक्षकको कार्यालयबाट विभिन्न आर्थिक वर्षहरुको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा चालु आर्थिक वर्ष २०८२/८३ भित्र उल्लेख्यरुपमा फछ्यौंट गर्ने गरी कार्य गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७: व्यवसाय दर्ता/नविकरण अभियान सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आन्तरिक आय सुदृढीकरणको लागि नगरपालिका भित्र रहेका सबै व्यवसायहरुको दर्ता तथा नविकरण गर्ने कार्यलाई तदारुकताकासाथ अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.८: लघु उद्यम विकास कार्यक्रमको वडा छनौट सम्बन्धमा ।**

चालु आ.व.२०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सशर्त तर्फको लघु उद्यम विकास कार्यक्रम (मेड्पा) वडा नं ३ (तीन) मा र सोही मोडेलमा कार्यान्वयन हुने महिलासंग उपमेयर कार्यक्रम वडा नं २ (दुई) मा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९: प्रदेश कार्यालयहरुबाट प्राप्त आयोजना कार्यान्वयन सम्बन्धी पत्रको सम्बन्धमा ।**

सङ्घीय तथा प्रदेश सरकार अन्तर्गत देहायका कार्यालयहरुबाट चालु आ.व.२०८२/८३ का लागि स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक सहयोग, समन्वय र सहजीकरण हुन लेखि आएको पत्रका सम्बन्धमा छलफल गरी उक्त कार्यालयहरुबाट कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमहरुमा नगर तथा वडास्तरबाट आवश्यक सहयोग र सहजीकरण गर्ने निर्णय गरियो ।

देहायः

(क)सामाजिक विकास कार्यालय, लमजुङ

(ख)जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, लमजुङ

(ग)संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, पोखरा

(घ)खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, गोरखा ।

**निर्णय नं.१०: ग्रामीण सडक मर्मतसुधार सम्बन्धमा ।**

बर्षाको समयमा मनसुनजन्य विपदबाट बिग्रे भत्केका ग्रामीण सडकहरु चाडपर्वको समयमा मर्मत सुधार गरी आवागमनलाई सहज र सुविधाजनक बनाउनको लागि चालु आ.व.२०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सडक मर्मत सम्भार कोष (ग्रामीण सडक मर्मत) शिर्षकमा विनियोजित बजेट मध्येबाट प्राथमिकताप्राप्त सडकहरुका सन्दर्भमा प्राविधिकबाट लागत अनुमान तयार गरी स्वीकृत भए पश्चात मर्मत सुधार कार्य सम्पन्न गरी प्राविधिक मूल्याङ्कन प्रतिवेदनको आधारमा फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय नं.११: निर्देशिका संशोधन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको हलुका सवारी साधन (तीन पाङ्ग्रे/चार पाङ्ग्रे) सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ लाई समय सापेक्ष तथा बस्तुनिष्ठ बनाउनको लागि उक्त कार्यविधि पुनर्लेखन गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ : राष्ट्रिय परिचय पत्रको अनिवार्यता/छुट सम्बन्धमा**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०८२/०५/०९ मा प्रकाशित सूचना अनुसार "नेपाल सरकारले २०८१ असार १० गते नेपाल राजपत्रमा प्रकाशित सूचना वमोजिम नागरिकहरुले विभिन्न सार्वजनिक सेवा प्राप्तिका लागि राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय पत्र नम्बर अनिवार्य गरिएको र सोही सूचनामा

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०५/१३ को बैठक**

बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने अशक्त/असहाय वा ९० वर्ष माथिको ज्येष्ठ नागरिकको हकमा राष्ट्रिय परिचय पत्र नभएता पनि सेवा लिन बाधा नपर्ने" भन्ने उल्लेख भएकोले उक्त वर्गका सेवाग्राहीलाई सेवा लिनका लागि राष्ट्रिय परिचय पत्र वा राष्ट्रिय परिचय पत्र नम्बर अनिवार्य नभएको पत्र प्राप्त भएको सन्दर्भमा सोही अनुसार हुने गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन सबै वडाहरुमा सूचना सम्पेषण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ : बेतलबी विदा सम्बन्धमा ।**

(क)मिति २०८२/०३/३० सम्म प्रसुति विदामा रहनु भएको यस कार्यालयको प्रशासन सहायक (चौथो) पुस्पा चौहान सुत्केरी भएकोमा निजले थप बेतलबी प्रसुति विदा माग गर्नुभएको हुँदा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ११५ उपनियम (२) बमोजिम प्रसुति विदा समाप्त भएको मितिदेखि लगातार रुपमा छ (६) महिना (मिति २०८२/०३/३१ देखि २०८२/०९/३० गतेसम्म) बेतलबी प्रसूति बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

(ख)यस नगरपालिकामा स्थानीय इन्जिनियरिङ सेवा, छैटौं तह, सिनियर सब-ईन्जिनियर पदमा कार्यरत प्रकाश पौडेलले मिति २०८२/०४/०७ गते यस कार्यालयमा बेतलबी अध्ययन विदा मागको निवेदन पेश गर्नुभएकोमा निजद्वारा गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम १११ उपनियम (८) मा उल्लेख भएको विदा सम्बन्धी प्रक्रिया पूरा गरेको कागजपत्र पेश भएको नदेखिएको हुँदा माग वमोजिमको बेतलबी अध्ययन विदा अस्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४ : प्रगति समिक्षा पुस्तक प्रकाशन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको गत आ.व. २०८१/८२ को बार्षिक प्रगति समिक्षा गोष्ठी (२०८२ साउन २७ र २८ गते) सम्पन्न भै सकेको हुँदा समिक्षा गोष्ठीमा प्रस्तुत भएका प्रतिवेदनहरुलाई समेटी प्रगति समिक्षा पुस्तक प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५ : ढुंगा संकलन तथा बिक्रीको इजाजत सम्बन्धमा ।**

बेसीशहर नगरपालिका क्षेत्रभित्र पर्ने तपसिलमा उल्लेखित व्यक्तिहरुबाट आफ्नो निजी जग्गामा भएको ढुंगा संकलन गरी विक्री अनुमति पाउनको लागि कार्यालयमा निवेदन पेश हुन आएकोले (दर्ता नं ७६ र २०३) बेसीशहर नगरपालिकाको निजी जग्गाबाट प्राकृतिक श्रोत साधनको संकलन, उत्खनन् तथा ओसारपसारको लागि इजाजत प्रदान गर्ने कार्यविधि,२०७७ वमोजिम निजी जग्गामा प्रयोगविहीन अवस्थामा त्यसै रहि रहेका ढुंगा नियमानुसार राजश्व दाखिला गरी सानातिना निर्माण कार्यमा प्रयोग गर्न लैजानका लागि इन्जिनियर विशाल ढकालले मिति २०८२/०५/१३ मा पेश गरेको प्रतिवेदनमा उल्लेख भए वमोजिमको परिमाण मात्र संकलन /बिक्री गर्न पाउने गरी नियमानुसार लाग्ने कर सहितको रकम यस कार्यालयमा जम्मा गरेपश्चात संकलन र ओसारपसारको लागि इजाजत प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | व्यक्ति/संस्था | संकलन क्षेत्र | परिमाण (घन फिट) | दर रु. | हुन आउने रकम रु. | मू.अ. कर (भ्याट १३%) | अग्रीम आय कर (१.५%) | जम्मा गर्नुपर्ने रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | टिकाराम वाग्ले | बेसीशहर ३, गाउँशहर | १२८४.१९ | ९ | ११५५७.७१ | १५०२.५० | १७३.३७ | १३२३३.६० |
| ४ | नरेन्द्र वहादुर तमाङ | बेसीशहर ३, गाउँशहर | २४७६.६६ | ९ | २२२८९.९४ | २८९७.६९ | ३३४.३५ | २५५२१.९४ |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०५/१३ को बैठक**

**निर्णय नं.१६ : बजार अनुगमन सम्बन्धमा ।**

गुणस्तरीय बस्तु र सेवा प्राप्त गर्ने नगरबासीको हकलाई सुरक्षित राख्न, उपभोग्य बस्तु वा सेवाको गुणस्तर, परिमाण र मूल्यको अनियमितताबाट उपभोक्ता वर्गलाई संरक्षण गर्न तथा चाडपर्वहरुलाई समेत लक्षित गरी बेसीशहर नगरपालिकाको स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७९ र बेसीशहर नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४ समेतका आधारमा सरोकारवालाहरुसंगको सहकार्यमा बजार अनुगमनलाई तिब्रता दिने निर्णय गरियो ।

**निर्णय नं.१७ : बजेट व्यवस्थापन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका, ७ नं वडा कार्यालयको च.नं. १४३, मिति २०८२/०५/१२ को प्राप्त पत्रानुसार उक्त वडा कार्यालयको पार्टेशन तथा रङ्गरोगन जरुरी भएकोले प्राविधिक ल.ई. वमोजिमको रु. ६१,१२७/- (अक्षेरुपी एकसठ्ठी हजार एक सय सत्ताइस मात्र) बेसीशहर वडा नं ७ बजेट उपशीर्षक तथा २२७११ खर्च शीर्षक अन्तर्गत रहेको फुटकर योजना तथा कार्यक्रमतर्फ विनियोजित रु. ४,५२,०००/- मध्येबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८ : श्रद्धाञ्जली/समवेदना सम्बन्धमा ।**

बेसीशहर नगरपालिका, वडा नं १० का वडाध्यक्ष एवम् कार्यपालिका सदस्य श्री गंगा बहादुर थापाकी ममतामयी माता श्री मनमाया थापाको मिति २०८२/०५/०६ का दिन असामयिक निधन हुन पुगेकोमा बेसीशहर नगर कार्यपालिका परिवारका तर्फबाट मृतक मनमाया थापाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवार तथा आफन्तजनप्रति हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख